विधेयक संख्याः

# स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६लाई संशोधन गर्न बनेको विधेयक

सङ्घीय संसद् सचिवालय

संसद भवन, सिंहदरबार,

२०८३

## उद्देश्य र कारण

स्वास्थ्य सेवालाई नियमित, भरपर्दो, मर्यादित र प्रभावकारी बनाउन स्वास्थ्य उपचारको क्रममा उत्पन्न हुन सक्ने आकस्मिक घटना र आर्थिक दायित्वबाट स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा गर्ने सम्बन्धमा स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ कार्यान्वयनमा रहेको। विद्यमान समयमा स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाहरूमा आक्रमण बढ्दै गएको हुनाले विद्यमान कानूनमा रहेका व्यवस्थाहरूलाई संशोधन गरी स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाहरूको प्रभावकारी सुरक्षा गर्न आवश्यक रहेको छ। विद्यमान कानूनको प्रभावकारी कार्यान्वयनको लागि प्रशिक्षार्थी वा स्वास्थ्य संस्थामा अभ्यासरत कर्मचारीलाई समेत सुरक्षा हुने गरी परिभाषित गर्नुपर्ने आवश्यकता छ। मन्त्रालयको नाम नेपाल सरकार कार्य विभाजन नियमावली, २०८३ अनुसार परिवर्तन गर्नुपर्ने, स्वास्थ्यकर्मी विरुद्ध हुने हातपातलाई समेत विशेष महत्वका साथ अपराधिकरण गर्नुपर्ने, कसूरको मात्रा अनुसार हुने सजाय सम्बन्धि व्यवस्था संशोधन गर्नुपर्ने साथै साविकमा कैद वा जरिवाना मध्ये कुनै एकमात्र वा दुवै सजाय हुने व्यवस्था भएकोमा हाल कैद र जरिवाना दुवै सजाय गर्नुपर्ने गरी संशोधन गर्नुपर्ने भएको हुनाले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक पेश गरिएको छ।

प्रस्तुत विधेयक आर्थिक वर्ष २०८३/०८४ को संघीय संसदमा पेश गरिने विधेयकको पहिलो प्राथमिकता सूचीमा समेत समावेश रहेको हुनाले प्रस्तुत विधेयक जारी भै कार्यान्वयन हुन आवश्यक छ।

निशा मेहता

मन्त्री

२०८३ असोज २

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# आर्थिक टिप्पणी

स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयकको प्रस्तावित व्यवस्थामा विद्यमान व्यवस्थाको अतिरिक्त मेडिकल एण्ड एलाइड साइन्स अन्तर्गतका प्रशिक्षार्थी वा स्वास्थ्य संस्थामा अभ्यासरत (इन्टर्नशिप) विद्यार्थीको समेत सुरक्षा गर्ने गरी व्यवस्था गरिएको हुनाले थप सामान्य दायित्व पर्ने भएता पनि वर्तमान संरचना तथा विनियोजित वार्षिक बजेटद्धारा कार्यान्वयन गरिने हुनाले नेपाल सरकारलाई थप ठूलो आर्थिक दायित्व पर्ने देखिंदैन ।

(निशा मेहता)
मन्त्री
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

**स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ संशोधन गर्न बनेको विधेयकको प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी**

प्रस्तुत विधेयकमा प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्था गरिएको छैन।

# <u>स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावना:</u>** स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **<u>सङ्क्षिप्त नाम तथा प्रारम्भ</u>** : (१) यस ऐनको नाम "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (दोस्रो संशोधन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ को दफा २ मा संशोधन</u>** : स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) "स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानूनबमोजिम स्वास्थ्यकर्मीको रूपमा सम्बन्धित परिषद्मा दर्ता भएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले मेडिकल एण्ड एलाइड साइन्स अन्तर्गतका प्रशिक्षार्थी वा स्वास्थ्य संस्थामा अभ्यासरत (इन्टर्नशिप) विद्यार्थीलाई समेत जनाउँछ।"

(२) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) "सुरक्षा" भन्नाले स्वास्थ्यकर्मी, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी तथा स्वास्थ्य संस्थाको लागि यस ऐनबमोजिम गरिएको भौतिक तथा आर्थिक सुरक्षा सम्झनुपर्छ र सो शब्दले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीको मानसिक तथा मनोसामाजिक सुरक्षालाई समेत जनाउँछ।"

(३) खण्ड (घ) मा रहेका "स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारको स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

३. **<u>मूल ऐनको दफा ३ मा संशोधन</u>** : मूल ऐनको दफा ३ को,-

(१) खण्ड (ग) मा रहेको "कुटपिट" भन्ने शब्द पछि "वा हातपात" भन्ने शब्दहरू थपिएका छन्।

(२) खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छः-

"(ग१) हतियार सहितको आपराधिक बलको प्रदर्शन गर्न,"

(३) खण्ड (च) मा रहेका "हातपात गर्न," भन्ने शब्दहरू झिकिएका छन्।

(४) खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छः-

"(छ) खण्ड (क), (ख), (ग), (घ), (ङ) र (च) बमोजिमको कार्य गर्न कसैलाई भड्काउन, उक्साउन वा त्यस्तो कार्य गर्न दुरूत्साहन हुने कुनै कार्य गर्न वा त्यस्तो कार्यमा जानी जानी सहभागी हुन।"

४. **<u>मूल ऐनको दफा ७ मा संशोधन</u>** : मूल ऐनको दफा ७ को,-

(१) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मेडिकल एण्ड एलाइड साईन्स अन्तर्गतका प्रशिक्षार्थी वा प्रयोगात्मक अभ्यासरत विद्यार्थीले अस्थायी दर्ता प्रमाणपत्र वा विद्यार्थी परिचयपत्र संलग्न गरी समिति समक्ष निवेदन दिन सक्नेछन्।"

(२) उपदफा (३) मा रहेका "उपदफा (२)" भन्ने शब्दहरूको सट्टा "उपदफा (२) वा (२क)" भन्ने शब्दहरू राखिएका छन्।

५. **<u>मूल ऐनको दफा १५ मा संशोधन</u>** : मूल ऐनको दफा १५ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) कसैले देहायको कसुर गरेमा कसुरको मात्रा अनुसार देहाय बमोजिमको सजाय हुनेछः-

(क) दफा ३ को खण्ड (क) बमोजिमको कसुर गरेमा दुई वर्षदेखि पाँच वर्षसम्म कैद र दुई लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना,

(ख) दफा ३ को खण्ड (ख), (ग) वा (ग१) बमोजिमको कसुर गरेमा तीन वर्षसम्म कैद र तीन लाख रुपैयाँसम्म जरिबाना,

(ग) दफा ३ को खण्ड (घ), (ङ), (च) वा (छ) बमोजिमको कसुर गरेमा एक वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना।"

६. **<u>मूल ऐनमा दफा २३ थप</u>** : मूल ऐनको दफा २२ पछि देहायको दफा २३ थपिएको छः-

"२३. **<u>निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने</u>** : मन्त्रालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।"

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ संशोधनको तीन महले

| क्र.स. | दफा | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | औचित्य |
|---|---|---|---|---|
| १. | दफा (२) को खण्ड (क) | (क) "स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानून बमोजिम स्वास्थ्यकर्मीको रूपमा सम्बन्धित परिषद्मा दर्ता भएको व्यक्ति सम्झनु पर्छ । | (क) "स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानूनबमोजिम स्वास्थ्यकर्मीको रूपमा सम्बन्धित परिषद्मा दर्ता भएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले मेडिकल एण्ड एलाइड साइन्स अन्तर्गतका प्रशिक्षार्थी वा स्वास्थ्य संस्थामा अभ्यासरत (इन्टर्नशिप) विद्यार्थीलाई समेत जनाउँछ। | प्रशिक्षार्थी वा प्रयोगात्मक अभ्यासरत विद्यार्थीलाई समेत परिभाषा समेटी सुरक्षा उपलब्ध गराउन उपयुक्त भएको हुनाले गर्न उपयुक्त हुने भएकोले। |
| २. | | (ग) "सुरक्षा" भन्नाले स्वास्थ्यकर्मी, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी तथा स्वास्थ्य संस्थाको लागि यस ऐन बमोजिम गरिएको आर्थिक लगायतको अन्य सुरक्षा सम्झनु पर्छ । | (ग) "सुरक्षा" भन्नाले स्वास्थ्यकर्मी, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी तथा स्वास्थ्य संस्थाको लागि यस ऐनबमोजिम गरिएको भौतिक तथा आर्थिक सुरक्षा सम्झनुपर्छ र सो शब्दले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीको मानसिक तथा मनोसामाजिक सुरक्षालाई समेत जनाउँछ। | स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य कर्मी तथा कर्मचारीको सुरक्षालाई फराकिलो रूपमा परिभाषित गर्न आवश्यक भएको हुनाले। |
| ३. | दफा २ को खण्ड (ज) | (ज) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्छ । | (ज) "मन्त्रालय" भन्नाले नेपाल सरकारको स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ । | नेपाल सरकार कार्यविभाजन नियमावली, २०८३ बमोजिम मन्त्रालयको नाम परिवर्तन भएको हुलाले, |
| ४. | दफा (३) को खण्ड (ग) | (ग) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई कुटपिट गर्न वा शारीरिक रूपमा चोट पु-याउन, | (ग) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई कुटपिट वा हातपात गर्न वा शारीरिक रूपमा चोट पु-याउन, | स्वास्थ्य कर्मी विरुद्ध हुने हातपातलाई कसूरको गाम्भिर्यताको विषयको रूपमा समावेश गर्न उपयुक्त हुने भएको हुनाले, |

| | | | | |
|---|---|---|---|---|
| ५. | दफा (३) को खण्ड (ग१) | थप गर्नुपर्ने | “(ग१) हतियार सहितको आपराधिक बलको प्रदर्शन गर्न,” | स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था बिरुद्व हुने हतियार सहितको अपराधिक बल प्रदर्शनलाई समेत दण्डित गर्नको लागि कानूनी व्यवस्था गर्न आवश्यक भएको हुनाले, |
| ६. | दफा (३) को खण्ड (च) | (च) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई हातपात गर्न, कुनै किसिमले धम्की दिन, गाली गलौज गर्न वा अभद्र वा अपमानजनक व्यवहार गर्न । | (च) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी वा अध्ययनरत विद्यार्थीलाई कुनै किसिमले धम्की दिन, गाली गलौज गर्न वा अभद्र वा अपमानजनक व्यवहार गर्न । | स्वास्थ्य कर्मी विरुद्व हुने हातपातलाई कसूरको गाम्भिर्यताको विषयको रूपमा समावेश गर्न उपयुक्त हुने भएको हुनाले, |
| ७. | दफा (३) को खण्ड (छ) | थप गर्नुपर्ने | (छ) खण्ड (क), (ख), (ग), (घ), (ङ) र (च) बमोजिमको कार्य गर्न कसैलाई भड्काउन, उक्साउन, वा त्यस्तो कार्य गर्न दुरूत्साहन हुने कुनै कार्य गर्न वा त्यस्तो कार्यमा जानी जानी सहभागी हुन। | कसूरजन्य कार्यालई भड्काउने, उक्साउने, वा त्यस्तो कार्य गर्न दुरूत्साहन हुने कार्य समेत गर्न नहुने कार्यका रूपमा थप गर्न आवश्यक भएको हुनाले, |
| ८. | दफा ७ | थप गर्नुपर्ने | (२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मेडिकल एण्ड एलाइड साईन्स अन्तर्गतका प्रशिक्षार्थी वा प्रयोगात्मक अभ्यासरत विद्यार्थीले अस्थायी दर्ता प्रमाणपत्र वा विद्यार्थी परिचयपत्र संलग्न गरी समिति समक्ष निवेदन दिन सक्नेछन्। | प्रशिक्षार्थी वा प्रयोगात्मक अभ्यासरत विद्यार्थीको प्राप्त कागजातका आधारमा दर्ता हुने व्यवस्था गर्न |
| ९. | दफा ७ को उपदफा (३) | (३) उपदफा (२) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा नाम दर्ता गर्न मनासिब देखिएमा समितिले त्यस्तो स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाको नाम दर्ता किताबमा दर्ता गरी निवेदकलाई तोकिए बमोजिमको ढाँचामा सोको प्रमाणपत्र दिनु पर्नेछ । | (३) उपदफा (२) वा (२क) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा नाम दर्ता गर्न मनासिब देखिएमा समितिले त्यस्तो स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाको नाम दर्ता किताबमा दर्ता गरी निवेदकलाई तोकिए बमोजिमको ढाँचामा सोको प्रमाणपत्र दिनु पर्नेछ । | प्रशिक्षार्थी वा प्रयोगात्मक अभ्यासरत विद्यार्थीको प्राप्त कागजातका आधारमा दर्ता हुने व्यवस्था गर्न |

| | | | | |
|---|---|---|---|---|
| १०. | दफा १५ को उपदफा (२) | (२) कसैले देहायको कसुर गरेमा कसुरको मात्रा हेरी देहाय बमोजिम सजाय हुनेछः-<br>(क) दफा ३ को खण्ड (क) बमोजिमको कसुर गरेमा दुई वर्षदेखि पाँच वर्षसम्म कैद वा दुई लाख रुपैयाँदेखि पाँचलाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय,<br>(ख) दफा ३ को खण्ड (ख) वा (ग) बमोजिमको कसुर गरेमा तीन वर्षसम्म कैद वा तीन लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय,<br>(ग) दफा ३ को खण्ड (घ), (ङ) वा (च) बमोजिमको कसुर गरेमा एक वर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय । | (२) कसैले देहायको कसुर गरेमा कसुरको मात्रा अनुसार देहाय बमोजिमको सजाय हुनेछः-<br>(क) दफा ३ को खण्ड (क) बमोजिमको कसुर गरेमा दुई वर्षदेखि पाँच वर्षसम्म कैद र दुई लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना,<br>(ख) दफा ३ को खण्ड (ख), (ग) वा (ग१) बमोजिमको कसुर गरेमा तीन वर्षसम्म कैद र तीन लाख रुपैयाँसम्म जरिबाना | स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षाको प्रत्याभुति गरी सर्वसाधारण जनताको स्वास्थ्य सम्बन्धि मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्नको साथै स्वास्थ्यकर्मीले सुरक्षित वातावरणमा कामगर्ने अवस्था सृजना स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था बिरुद्ध हुने अपराधिक कार्यलाई थप दण्डित गर्न आवश्यक भएको हुनाले। |
| ११. | दफा २३ | थप गर्नुपर्ने | २३. निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउने अधिकारः मन्त्रालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ । | ऐन तथा नियमावलीको व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गर्दै स्वास्थ्य सेवालाई नियमित, भरपर्दो, मर्यादित र प्रभावकारी बनाउन तथा स्वास्थ्य उपचारको क्रममा उत्पन्न हुन सक्ने व्यवस्थाहरूलाई कार्यविधि, मापदण्ड तथा निर्देशिका तर्जुमा तथा कार्यान्वयन गर्न आवश्यक हुने भएको हुनाले, |

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

| क्र.स. | विधेयकको दफा | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १. | २ | स्वास्थ्य संस्थामा कार्यरत प्रशिक्षार्थी वा प्रयोगात्मक अभ्यासरत विद्यार्थीलाई समेत परिभाषा समेटी सुरक्षा उपलब्ध गराउने गरी प्रस्ताव गरिएको। |
| २. | ३ | कुटपिट, हातपात, हातहातियार सहितको अपराधिक बल प्रदर्शन गर्ने कार्यलाई कसूर कायम गर्ने गरी साथै स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था बिरुद्ध भड्काउने, उक्साउने वा दुरूत्साहन गर्ने जस्ता कार्यलाई कसूर कायम गर्ने गरी प्रस्ताव गरिएको। |
| ३. | ४ | स्वास्थ्य संस्थामा कार्यरत प्रशिक्षार्थी वा प्रयोगात्मक अभ्यासरत विद्यार्थीलाई सुरक्षाको लागि दर्ता गराउने प्रक्रियालाई थप गर्ने गरी प्रस्ताव गरिएको। |
| ४. | ५ | स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी विरुद्ध हुने अपराधिक कार्यलाई समायिक परिमार्जन गरी प्रस्ताव गरिएको। |
| ५. | ६ | निर्देशिका, कार्यविधि, वा मापदण्ड बनाउन सक्ने गरी प्रत्यायोजित अधिकार प्रदान गर्ने गरी प्रस्ताव गरिएको छ। |